# सहकारी बार्षिक प्रगति प्रतिवेदन

## आ. व. २०८०-०८१

सीता पौडेल
रोजगार संयोजक
सहिदभूमि गाँउपालिकाको कार्यालय, पिप्ले धनकुटा

## १. पृष्ठभूमि

सहकारी संस्थाहरुको माध्यमबाट गरिवी न्यूनिकरण गर्नका लागि सहकारी संस्थाहरु स्थापना भएका छन । सहकारीको माध्यमबाट मात्र श्रमजिवि वर्गको जिवन उस्कन सक्छ भन्ने हेतुले रोजडेल नगरमा सन् १८४४ मा शुरु भएको हो । तदनुसार अगस्त १५ तारिखमा रोजडेल समतामूलक अग्रजको संस्था ( Rodale society of Equitable pioneers) स्थापना भयो । यस रोजडेली संस्थाको प्रारम्भमा २८ जना सदस्यहरु थिए । यसरी विकास भएको सहकारी संस्था नेपालको  चितवन जिल्ला बखनपूरका तिन भाइ  कृष्णमान गुरुङ, इन्द्रसिँह गुरुङ र हर्क बहादुर गुरुङको अगुवाइमा वि.स. २०१३ साल चैत्र २० गते चितवनको बखनपूरमा ऋण सहकारी संस्था दर्ता गरि शुरु भएको हो । राष्ट्रिय सहकारी आन्दोलनबाट विकास भएका विभिन्न ऐन नियम बनेर लागु भएका छन । हाल सहकारी ऐन २०७४, नियमावली २०७५ र स्थानिय तहमा सहकारी ऐन २०७५ जारि भइ लागु भएको साथै सम्पति शुद्धिकारण निवारण नियमावली २०७३ सम्पति शुद्धिकारण निवारण ऐन २०६४, सहकारी तथा गरिवी निवारण सम्बन्धित सुचना व्यवस्थापन प्रणाली (कोपोमिस) लागु भएको अवस्था छ ।

नेपालको संविधान २०७२ ले राज्य पूर्न संरचना गरी तीन तहको व्यवस्था गरेपछि एकात्मक रुपमा सहकारी विभाग र मातहतका ३८ वटा डिभिजन कार्यालयहरुबाट भइरहेको सहकारी नियमनको कार्य संघ प्रदेश सरकार तथा स्थानिय तहमा आ-आफ्नो कार्य क्षेत्रमा हस्तान्तरण भए । हालको अवस्थामा नेपालमा कूल २९८८६ प्रारम्भिक सहकारी संस्थाहरु रहेकोमा संघीय सरकार अन्तर्गत १२५ बटा सहकारी संस्थाहरु प्रदेश सरकार अन्तर्गत ६००३ बटा सहकारी संस्थाहरु र स्थानिय तह अन्तर्गत २३७५८ बटा सहकारी संस्थाहरु रहेका छन् । कुल सहकारी संस्थाको लगभग ८० प्रतिशत सहकारी संस्थाहरु स्थानिय तहबाट नियामन हुने अवस्था रहेका तथा अव दर्ता हुने संस्थाहरु पनि कानूनतः स्थानिय तहकम नै  दर्ता हुने अवस्था रहेका वर्तमान अवस्थामा स्थानिय तहमा प्रभावकारी नियमन संरचना तर्जुमा गरी सहकारी संस्थाको दर्ता अनुगमन अभिलेखन सम्बन्धि कार्यहरुलाई व्यवस्थित र प्रभावकारी बनाएर लैजानु पर्ने आवश्यक रहेको छ ।नेपालमा विस २०१९ सालमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना भएको संघियता आए पछि २०७४ सालमा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको रुपमा परिणत गरेको छ । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक, प्रदेशमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश सकारी रजिष्ट्रार कार्यालय रहेका छन ।

नेपालको संविधान २०७२ ले पनि सहकारी निजि र सरकारी क्षेत्रलाई तिन खम्बाको रुपमा सुनिश्चित गरेको छ । **नेपालको संविधान २०७२ को धारा ५१ को (घ )मा अर्थ उद्योग र वाणिज्य सम्बन्धी राज्यको नितिहरु अन्तर्गत धारा ५१ (घ) (१ )मा “सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने ।”** व्यवस्था रहेको छ । स्थानिय तहमा निर्माण गरिएको सहकारी ऐन २०७५ अनुसार सहकारी सम्बन्धि मूल्यमान्यता र सिद्धान्तहरु रहेका छन । ती मूल्यमान्यता र सिद्धान्तहरुमा रहेर सहकारी संस्थाहरुले आफ्नो कामकारवाही गर्नु पर्दछ । सहकारी मूल्यमान्यता र सिद्धान्तहरु निम्न रहेका छन् –

१. सहकारी मूल्यहरु

क. आधार मूल्य

१. आत्मसहयोग २. स्वउत्तरदायित्व ३. लोकतन्त्र ४. समानता ५. समता ६. ऐक्यबद्धता

ख. नैतिक मूल्यहरु

१. इमान्दारीता २. खुलापन ३. सामाजिक उत्तरदायित्व ४. अरुको हेरचाह

२. सहकारीका मान्यताहरु

क. नाफामा सहभागि नहुने ।

ख. उपकारको भर नपर्ने।

ग. सकारात्मक कार्य गर्ने।

घ. गैर सदस्यसँग व्यापार नगर्ने।

ङ. गैर सदस्यलाई सेवा नदिने ।

सहकारीका ७ सिद्धान्तहरु

- **वैच्छिक खुला सदस्यता ।**
- **सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण ।**
- **सदस्यको आर्थिक सहभागिता ।**
- **स्वायत्तता र स्वतन्त्रता ।**
- **शिक्षा तालिम र सूचना ।**
- **सहकारी - सहकारीबीच पारस्परिक सहयोग ।**
- समुदायप्रतिको चासो ।

**सहिदभूमि** गाउँपालिका नेपालको धनकुटा जिल्लाको दक्षिण-पश्चिम दिशामा रहेको भौगोलिक प्राकृतिक र साँस्कृतिक हिसावले अत्यन्तै रमणीय र पर्यटकीय स्थलका रुपमा रहेको छ । ९९.५५ बर्ग किमी क्षेत्रफल रहेको यो गाँउपालिका मार्गा पोखरी देखि उत्तरतर्फ कटुजे खोला हुदै नकुवा खोला भएर मुगा खोलाबाट अरुण नदिसम्म र दक्षिणतर्फ मार्गा र सहिदगेटबाट अँधेरी खोला हुदै फोङ्सुवा खोला भएर तमोर नदीसम्म रहेको तथा अरुण र तमोर नदीलाई सीमाना बनाएर त्रिवणी दोधानको खुवालुङ क्षेत्रसम्म फैलिएको छ । यो गाँउपालिकाको सबैभन्दा होचो भू-भाग समुद्री सतहदेखि करिव १४८ मिटरको उचाईमा रहेको त्रिवेणी दोभानको खुवालुङ क्षेत्रसम्म हो भने सबैभन्दा अग्लो भू- भाग १६६१ मिटर उचाईमा रहेको घुमाउनेडाँडा हो । राई जातिको सघन बसोबास रहेको यो गाँउपालिकामा राई लगायत अन्य जातिका मौलिक सँस्कार, सँस्कृतिक, रीतिरीवाज, मूल्यमान्यता तथा भाषिक विविधता समेत रहेको छ ।

## *२. कार्यक्रमको विवरणः*

यस गाउँपालिका नेपालको संविधान वमोजिम बि.सं. २०७३ सालमा स्थापना भएको हो । अरुण र तमोर तथा मार्गा पोखरीले घेरिएको गाँउपालिकाको पूर्वमा धनकुटा नगरपालिका पश्चिममा उदयपुर सुनसरी र भोजपुर जिल्ला उत्तरमा पाख्रिवास नगरपालिका र दक्षिणमा साँगुरीगढी गाँउपालिका रहेको छ । यस गाउँपालिकामा साविक छिन्ताङ, खोकु र आँखिसल्ला, गाबिसका भूभागहरु गाभिएका छन् । जम्मा ७ वटा

वडामा विभाजित भएका  छन ।  यस गाउँपालिकामा हाल **जम्मा १९ वटा सहकारी रहेका छन् । वचत तथा ऋण सहकारी ३ वटा कृषि सहकारी १२ वटा  बहुउद्धेश्य १ वटा र उपभोक्ता ३ वटा छन् ।** सहिदभूमि गाउँपालिकाको आ.वा. २०८०/०८१ को लागि स्वीकृत कार्यक्रम अनुसार सहिदभूमि गाउँपालिकामा रहेका सहकारी संस्थाहरुलाई विभिन्न मिति ४ वटा  कार्यक्रमहरु सम्पन्न भएको छ । कार्यक्रमहरुको अध्यक्षता सहिदभूमि गाउँपालिकाका अध्यक्ष श्री मनोज राई ज्यूले गर्नु भएको थियो। अथिति सहिदभूमि गाउँपालिकाका उपाध्यक्ष श्री रत्नश्वरी राई, प्रमुख प्रशासकिय अधिकृत श्री नविन कार्की ज्यू, वडा नं ३ का वडा अध्यक्ष श्री होमनाथ राई, नेकपा ऐमाले गाँउकमिटिका उपाध्यक्ष श्री मात्रिका राईले गर्नु भएको थियो । कार्यक्रमको प्रशिक्षक वा सजिकरण  सन्देश कुमार रावल  र  शाखा प्रमुख रोजगार संयोजक श्री सीता पौडेलले गर्नु भएको थियो । कार्यक्रममा विभिन्न शाखा प्रमुखहरुको उपस्थितिमा भएको थियो  र कार्यक्रम संचालन सीता पौडेलले गर्नु भएको थियो । कार्यक्रममा  जम्मा १३५ जना मध्ये महिला ९४ र पूरुष ४१ जना  सहभागीको उपस्थिति रहेको थियो ।

## ***कार्यक्रमका उद्धेश्यहरुः***

- सहकारीका मूल्यमान्यता,सिद्धान्त, उद्देश्य, कार्य, आदि जानकारी गर्न,
- कानुनी प्रावधान अनुरुप संस्था गठन गरी संचालन गर्न,
- सहकारी ऐन , नियमको बारेमा जानकारी प्राप्त भई नियमानुसार संस्था सचालन  गर्न,
- सम्पत्ति सद्धिकरण निवारण ऐनका बिषयमा जानकारी प्राप्त भइ सोको पालना गर्न ।
- बचत तथा ऋण परिचालन कार्य व्यवस्थित रुपलै सम्पादन गर्न,
- सहकारीमा लैङ्गिक समानता कायम गर्न ।
- सहकारीका विभिन्न लेखाका सुचकहरुको बिश्लेषण गर्न,
- सहकारी संस्थामा रहेका लेखा लगायतका अभिलेख राखी संस्था सचालन  गर्न,
- सहकारीका वित्तिय व्यवस्थापन गर्न ।

## ***कार्यक्रमको बिषयबस्तुः***

- ✓ सहकारीको परिचय, उद्देश्य, कार्य, भूमिका ।
- ✓ सहकारी सिद्धान्त ।
- ✓ सहकारी मूल्यमान्यता ।
- ✓ सहकारी सम्पादन कार्यविधि ।
- ✓ सहकारीमा कोष परिचालन
- ✓ सहकारी संस्थामा बार्षिक योजना कार्यक्रम तर्जुमा अभ्यास
- ✓ सहकारी विनियम व्यवस्थापन व्यवहारीक प्रयोग ।
- ✓ सहकारीमा सुशासनका आधारहरु ।
- ✓ सहकारी ऐन, नियम ।
- ✓ सहकारीमा स्थानीय तहको भूमिका आदि ।
- ✓ सहकारीमा लैङ्गिक समानता ।
- ✓ सहकारी व्यवसाय र अन्य व्यवसायबीच फरक ।

- ✓ सहकारी संस्थाका अवसर, सम्भावाना, चुनौतीहरु
- ✓ कोपोमिसको अवधारणा र परिचय ।
- ✓ कोपोमिस अभ्यास ।
- ✓ सहकारी सहकारीता
- ✓ नेतृत्व विकास र दिगो विकास।
- ✓ सहकारीको साधारणसभा ।

***कार्यक्रमहरुः***

| क्र स | कार्यक्रमको नाम | संख्या | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | सहकारी संस्थाहरुलाई अभिखुमिकरण कार्यक्रम | १ | १०००००। | |
| २ | सहकारी संस्थाहरुलाई आधारभूत लेखा व्यवस्थापन तालिम | १ | १५००००। | |
| ३ | सहकारी संस्थाहरुलाई सचेतना कार्यक्रम | १ | १५००००। | |
| | जम्मा | | ४०००००। | |

**सहकारी संस्थाहरुले तालिममा सहभागी व्यक्तिहरुको लैङ्गिक विवरण**

| सहकारी संस्थाहरु | | | | तालिममा सहभागी व्यक्तिहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | महिला | पुरुष | जम्मा | महिला | पुरुष | दलित | | जनजाति | | क्षेत्री | | जम्मा |
| | | | | | | म. | पू. | म. | पू. | म. | पू. | |
| १९ | २७९ | ३५० | ६३१ | ९४ | ४१ | | १ | ७४ | २१ | २० | १९ | १३५ |




NO SmoKinG


कार्यक्रम




NO SmoKinG







सहकारी संस्थाहरुलाई
अभिमुखीकरण कार्यक्रम


सहकारी संस्थाहरुलाई
अभिमुखीकरण कार्यक्रम




सहकारी संस्थाहरुलाई
लेखा
सम्बन्धि तालिम


उप विजेता


लेखा समीकरणको आधारमा








कार्यपालिका
सदस्य











"अध्यारोसँग लड्न हातहतियारले सुसज्जित भएर कुनै ठुलो युद्ध गरिरहनै पर्दैन मात्रै एउटा दियो जलाइदिए पुग्छ।"

# धन्यवाद